जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २६४ २०८० साल जेठ १२ गते शुक्रबार (26 May 2023 Friday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

*यस अंक भित्र :* २ पृष्ठमा : गणतन्त्रले ल्याएको... ३ पृष्ठमा : कोशी प्रदेशमा ९७ प्रतिशत ... ३ पृष्ठमा हैजा लागेर दक्षिण अफ्रिकामा...

# कैदी जीवन बिताइरहेका एक व्यक्तिको बन्यो "सवारी चालक अनुमतिपत्र"

**दैनिक समाचारदाता**
**राजविराज, ११ जेठ।**

अपहरण तथा शरीर बन्धक मुद्दामा ९ वर्ष जेल सजाय पाएका एक कैदीको सवारी चालक अनुमति पत्र बनेको खुलासा भएको छ।

जेल जीवन बिताई रहकै अवधिमा सवारी चालक अनुमती पत्र (लाईसेन्स) बनेको खुलासा भएको हो। जबकी सवारी चालक अनुमति पत्र बनाउनका लागि आफै उपस्थित हुनुपर्ने प्रावधान रहेको छ।

लाइसेन्स लिन आफै उपस्थित भएपनि स्वास्थ्य अवस्था ठिक र लिखित, मौखिक परिक्षा तथा ट्रायल परिक्षण लगायतका प्रक्रिया पुरा गरेपछि मात्र सवारी चालक अनुमती पत्र पाउने यातायात व्यवस्थाको ऐनमा उल्लेख छ।

कारागारमा जेल जिवन बिताइरहेका कैदीले यी प्रक्रिया कसरी पुरा गरे भन्ने जिज्ञासा उठ्नु स्वभाविक हो। राजविराज कारागारमा जेल जीवन बिताई रहेका सप्तरीको साविक कल्याणपुर गाविस हाल जिल्लाकै खडक नगरपालिका ७ वस्ने मो.मन्जुर मियाँका २२ वर्षिय छोरा मो.सैयद मियाँले लाइसेन्स प्राप्त गरेका हुन्।

अपहरण तथा शरीर बन्धक मुद्दामा उनी २०७४ बैशाख ५ गतेदेखी राजविराज कारागारमा छन्। तर, उनले २०७४ साल असार ३० गते सुनसरीको इटहरीस्थित यातायात व्यवस्था कार्यालयबाट बस, ट्रक, लहरी (हैवी सवारी साधन) को सवारी चालक अनुमती पत्र प्राप्त गरेका छन्।

उनको साथमा रहेको सवारी चालक अनुमती पत्रको सिरियल नम्बर ३९९०५६१ हो। लाइसेन्स नं.०२-००-११-३४ हो। लाईसेन्सको अवधी सकिने मिति २०७९ असार ३० गते हो।

लाईसेन्समा उल्लेखित नागरिक्ता नं.१६१०७९/३२२ र सैयद मियाँ संग रहेको नेपाली नागरिक्ताको नम्बर पनि एउटै हो। लाईसेन्स र नागरिक्ता दुबैमा बुवाको नाम मन्जुर मियाँ र ठेगाना कल्याणपुर उल्लेख छ।

सप्तरी जिल्ला अदालतका श्रेस्तेदार कुमार मास्केका अनुसार दुर्गा प्रसाद साहको जाहेरीले चलाइएको अपहरण तथा शरीर बन्धक मुद्दामा मो.सैयद सहित २ जनालाई २०७४ साल बैशाख ५ गते पक्राउ गरी पुर्पक्षका लागी राजविराज कारागार चलान गरिएको थियो।


त्यसपछी २०७५ साल फागुन १४ गते अदालतले मो.सैयद मियाँलाई ९ वर्ष कैद र ५० हजार रुपैया जरिवानाको फैसला गरेको थियो। अदालतको आदेशमा जरिवाना रकम बुझाउन न सके सो वापत ५ महिना १६ दिन थप कैदमा राख्ने र कैद भुक्तान सकिने मिति २०८३ साल असोज २० गते रहेको समेत उल्लेख छ।

सोही अनुसार उनी २०७४ बैशाख ५ देखि नै हाल सम्म कैद भुक्तानका लागी राजविराज कारागार मै छन।


सवारी चालकको अनुमति पत्र बनाउनका लागी दलाल मार्फत रकम खुवाएर सहजै काम हुने गरेकाले उनले सोही जुक्तीको प्रयोग गरी लाईसेन्स निकाल्न सफल भएको श्रोतको दाबी छ।

राजविराज कारागारका निमित्त जेलर राजकुमार बरालले निज हाल पनि कैद भुक्तानका लागी कारागार मै रहेको बताए। कैदमा रहेका व्यक्तीले सोही अवधीमा कसरी सवारी चालक अनुमती पत्र प्राप्त गरे भन्ने कुराले आफूलाई पनि चकित बनाएको उनले बताए।

उनले कैदीबन्दीले आफन्तको मृत्यु संस्कार, गम्भीर प्रकृतिका उपचार तथा त्रिविविबाट लिने परिक्षामा सहभागी हुन प्रहरी निगरानीमा बाहिर जान पाउने व्यवस्था भएपनि सवारी चालक अनुमती पत्रका लागी बाहिर जान दिने कुनै व्यवस्था र सुविधा नरहेको स्पष्ट पारे।



3990561
Government of Nepal
Ministry of Physical Infrastructure & Transport
Koshi
सवारी चालक अनुमति पत्र
Driving Licence
नम्बर: Number: 02-001134
जारी मिति: Issue: 2074-03-30
2079-03-29
नाम: Name: Md Saiyad Miya
पिता/पति: Father/Hus.: Manjur Miya
ठेगाना: Address: Kalyanpur,Saptari
ना.प्र.नं. Ctz No.: 161079/322
फोन नं.: Phone No.:
राहदानी नं. P.P. No.:
जन्म मिति Date of Birth: 2050-04-10
रक्त समूह Blood Group: O+
वर्ग: Category: F,G.



सप्तरी जिल्ला अदालत
तहसील शाखा
फोन नं.-०३१-५२३६८७
मोबाईल: -९८४२०७३८८३
ईमेल: -tahasil.saptaridc@dcourt.gov.np
प.संख्या :
चलानी नं. 92565
२०७३-CI-०२५८

मिती :- २०७६।२।९

विषय: कैदी पुर्जी दिईएको।

कारागार कार्यालय
...री, राजविराज।

उपर्युक्त सम्वन्धमा दुर्गाप्रसाद साहको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी मोहमद सैयद मियाँ समेत भएको अपहरण तथा शरीर बन्धक मुद्दामा यस समरी जिल्ला अदालतको मिति २०७५।११।१४ गतेको फैसलाले प्रतिवादी जिल्ला सप्तरी खडक न.पा. वडा नं.-७ वस्ने मोहमद मंजुर मियाँको छोरा मोहमद सैयद मियाँलाई ९।०।० (नौ वर्ष) कैद र रु ५०,०००/- पचास हजार जरिवाना हुने ठहरी फैसला भएको र निज मोहमद सैयद मियाँ मिति २०७४।१।५मा पक्राउ परी पुर्पक्षको क्रममा हाल सम्म थुनामा रहेको देखिंदा पक्राउ परेको मिति २०७४।१।५ गते बाट कैद कट्टा हुने गरी निज प्रतिवादीलाई लागेको जरिवाना तिरे बुझाए मिति २०८३।१।४ गते सम्म तथा लागेको जरिवाना नबुझाए जरिवाना बापत थप ०।५।१६ (पाँच महिना १६ दिन) कैदमा राखी नियमानुसार पाउने सिधा खर्च र अन्य सुविधा उपलब्ध गराई मिति २०८३।६।२० गते सम्म कैदमा राखी अन्य मुद्दा वा कारण बाट कैद वा थुनामा राख्न नपर्ने भए प्रस्तुत मुद्दाबाट मिति २०८३।६।२१ गते कैद मुक्त गरी सोको जानकारी यस अदालतमा पठाइदिनु हुन अनुरोध छ

तहसीलदार

बोधार्थ

मोहमद सैयद मियाँ हाल कारागार कार्यालय सप्तरी - माथी उल्लेख भए बमोजिम कैद भुक्तान गर्नु हुन।

# गैससलाई राजस्व कार्यालयले प्रतिबन्ध लगाएर बन्द गर्न खोजेको आरोप




**दैनिक समाचारदाता**
**राजविराज, ११ जेठ।**

आन्तरिक राजस्व कार्यालयले नागरिक संघसंगठन माथि घुमाउरो पाराले प्रतिबन्ध लगाउन खोजेको र नेपाली नागरिक संघसंस्थालाई बन्द गर्न खोजेको भन्दै गैरसरकारी संस्था महासंघ नेपाल सप्तरीले आरोप लगाएको छ।

मुनाफारहित कार्य गर्ने संघसंस्थाहरुको कर, भ्याटका समस्या समाधान गर्न भन्दै बिहीबार गैरसरकारी संस्था नेपाल सप्तरीले आन्तरिक राजश्व विभागको कार्यालय काठमाडौंलाई ज्ञापनपत्र बुझाएको छ।

गैरसरकारी संस्था नेपाल सप्तरीका अध्यक्ष दिपक झाका नेतृत्वमा गएको एक टोली करदाता सेवा कार्यालय राजविराजमार्फत करदाता सेवा कार्यालय काठमाडौंलाई सो ज्ञापन पत्र बुझाएको हो।

ज्ञापनपत्रमा पछिल्लो चरणमा नेपाल सरकारका आन्तरिक राजस्व कार्यालयहरुबाट सामाजिक संस्थाहरुले प्राप्त गरेको वैदेशिक सहयोग अनुदानमा भ्याट लगाउने र संस्थाहरुको आर्थिक वर्षको अन्तिम मौजदातलाई नाफा भनी आयकर समेत लिने गरि पत्राचार गरेकोमा बिरोध जनाइएको छ।

नेपालको संविधान मौलिक

*बाँकी दुई पृष्ठमा*

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**राजविराज नगरपालिका, सप्तरी**

# गणतन्त्रले ल्याएको सकारात्मक नतिजा

**नेत्र सुवेदी 'प्रयाय'**
काठमाडौँ, ११ जेठ (रासस)।

स्थानीय तहको गत वर्षको निर्वाचनबाट झण्डै ४१ प्रतिशत प्रतिनिधि महिला निर्वाचित भएका छन्। प्रशासनिक क्षेत्रमा अगुवा सेवाको रुपमा रहेको निजामती सेवामा गरिएको समावेशीकरणको कानुनी व्यवस्थाअनुरुप हालसम्मको पदपूर्तिसमेतका आधारमा जम्मा निजामती कर्मचारीमध्ये झण्डै २७ प्रतिशत महिला रहेको अभिलेखले देखाएको छ। जनजाति, दलित, मधेसी, अपाङ्गता भएका र पिछडिएका क्षेत्रका व्यक्ति प्रशासनमा प्रवेश गर्ने क्रम बढेर गएको छ। राजनीतिक र प्रशासनिक जगतमा नेपाली समाजको चित्रण देखिन थालेको छ। वास्तवमा यो उपलब्धि भनेको १० वर्षे जनयुद्ध, २०६२/६३ को संयुक्त आन्दोलन र त्यसपछि सङ्घीयताका लागि भएको आन्दोलन एवम् संविधानले गरेको रुपान्तरणकारी व्यवस्थाअनुसार हालसम्मको कार्यान्वयनको परिणाम हो। अझ भनौँ यो उपलब्धि गणतन्तान्त्रिक नेपालले हासिल गरेको परिणाम हो। नेपालमा गणतन्त्र स्थापना भएको यही हप्ता १५ वर्ष पूरा हुँदैछ। यसबीचमा शान्ति स्थापनाका काम निष्कर्षमा पुग्नुको साथै परिवर्तनको दह्रो प्रमाणका रुपमा जननिर्वाचित संविधानसभाबाट तयार भई जनताको संविधान लागू भएको छ। देशको शासकीय संरचना र शासन सञ्चालन विधि एवम् नागरिक अधिकारका दृष्टिले वर्तमान संविधान एक आमूल परिवर्तनको दस्तावेजसमेत हो। पटक-पटक भएका आन्दोलनबाट प्राप्त उपलब्धिस्वरुप हाम्रो मुलुक लोकतान्त्रिक गणतन्त्रात्मक र सङ्घीय शासकीय ढाँचा अभ्यास गर्ने अवस्थामा पुगेको छ। नयाँ शासकीय संरचनाको अभ्यासबाट केही राम्रा परिणाम आएका छन्। केही सुधारका गुञ्जायस पनि होलान्। तर प्रणाली सञ्चालनमा रहेका कमजोरीलाई लिएर व्यवस्थामाथि नै प्रहार हुनु भने राम्रो होइन।

दशवर्षे जनयुद्ध, २०६२/६३ को जनआन्दोनको परिणामस्वरुप मुलुकमा लोकतन्त्र स्थापित भएसँगै जारी भएको अन्तरिम संविधानले विस्तृत शान्ति सम्झौताका विषयहरुका साथै समानुपातिक प्रतिनिधित्वको विषय समेटेको थियो। संविधानसभाको निर्वाचन गर्ने र निर्वाचित प्रतिनिधिबाट जनइच्छा बमोजिम संविधान जारी गर्ने प्रमुख जनादेश रहेको अन्तरिम संविधानको मर्मअनुसार निजामती सेवालगायत सार्वजनिक सेवामा समावेशी प्रबन्धलाई समेट्ने काम गर्‍यो। उक्त प्रावधानकै कारण प्रशासनमा नेपाली समाजको विविधतायुक्त चित्र देखिन थालेको छ। त्यसैगरी न्यूनतम् ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनुपर्ने राजनीतिक अठोटका कारण प्रतिनिधित्व बढ्दै गएको छ। नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक घोषणा गर्दै विविध नयाँ व्यवस्था समेटेको नेपालको संविधानले गरेको व्यवस्था अनुसार सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनवटै तहको निर्वाचन दोस्रोपटक सम्पन्न भई समानुपातिक प्रणालीसहितको प्रतिनिधित्व र विविधतासहितको नेतृत्व विकास र विभिन्न तहका जनताबीच विकास र समाजसेवाको अवसर प्राप्त पनि गरेका छन्। यति मात्र होइन, जनताको नजिक सेवा प्रदायक निकाय पुगेका छन्, शिक्षा, स्वास्थ्य तथा पूर्वाधार विकासका लागि स्रोतको मात्र हैन विधि बनाउने, कार्यान्वयन गर्ने र जनशक्ति परिचालन गर्ने अधिकारसमेत विकेन्द्रित भएको छ।

संविधानमा पहिलो पटक राष्ट्रिय हितका तत्व र नागरिकले पूरा गर्नुपर्ने दायित्व मात्र उल्लेख छैनन् कि अधिकारमुखी दृष्टिकोणबाट थप १० मौलिक हक साविकका प्रावधानमा थप गरिएका छन्। मौलिक हक कार्यान्वयनका लागि आवश्यक ३०० भन्दा बढी कानुन बनेका छन् र कतिपय कानुन संशोधन भएका छन्। यी विषयलाई पनि गणतन्त्र प्राप्तिपछिको उपलब्धि मान्न सकिन्छ। नेपालगन्जस्थित मुस्लिम समुदायको साधारण परिवारमा हुर्केकी र पढाइमा अब्बल मोहना अन्सारीले राज्य संरचनामा पूरै एक दशक सेवा गरिन्। चार वर्ष राष्ट्रिय महिला आयोगको सदस्यका रुपमा र छ वर्ष राष्ट्रिय मानवाधिकार आयोगको आयुक्तका रुपमा। दुवै जिम्मेवारी महत्वपूर्ण थिए र उनको भूमिकामा उनले राम्रो प्रभाव छोड्न सकिन्। उहाँका अनुसार नेपाली महिलाले पनि हरेक विषय क्षेत्रमा आफुलाई सबल प्रमाणित गरिसकेका छन्। उनकै प्रशङ्गमा पूर्व अमेरिकी राजदूत त्याण्डी बेरीले एकपटक भनेका रहेछन् "मोहना जी तपाइँ चकित पर्नुहुन्छ होला, मैले बाँकेका मदरसा घुम्दा विद्यार्थी बालबालिकालाई भविष्यमा के बन्ने इच्छा छ भनी सोधेको थिएँ। उनीहरुले हामी त मोहना अन्सारी जस्तो बन्ने पो भने। "यो प्रसङ्गबाट पनि मोहनाले आफ्नो समुदायमा राम्रै छाप छाड्न सफल भएको पुष्टि हुन्छ।

सामाजिक परिसूचकमा भएका उपलब्धिलाई तुलनात्मकरुपमा हेरौं। गणतन्त्र स्थापना हुनुभन्दा अघिल्लो वर्ष नेपालभर रहेका जिल्ला अस्पताल वा सो भन्दा ठूला अस्पतालको सङ्ख्या जम्मा १०२ वटा रहेकामा २०७९ सालमा यो सङ्ख्या २०१ पुगेको छ। स्वास्थ्य सेवाका मुख्य आधारका रुपमा रहेका चिकित्सक डाक्टरको सङ्ख्या सोही अवधिमा १६२७ बाट बढेर ३० हजार एक सय ३३ पुगेको छ। यो भनेको १८ गुणाभन्दा वढी हो। त्यस्तै २०६४-२०७९ को अवधिमा नेपालीको सरदर आयु ६४ वर्षबाट ७२ वर्ष पुगको, बाल मृत्युदर प्रतिहजारमा ४८ बाट २८ मा घटेको, पाँच वर्षमुनिका शिशु मृत्युदर प्रतिहजारमा ६१ बाट ३३ मा झरेको तथ्याङ्कले देखाएको छ। अस्पताल वा स्वास्थ्य संस्थामा गई बच्चा जन्माउने प्रवृत्तिलाई नियाल्दा यस्तो प्रतिशत १८ बाट ७९ पुगेको छ। यसैगरी शिक्षातर्फका मुख्य तथ्याङ्कलाई तुलना गरेर हेर्ने हो भने साक्षरता दर २०६४ सालमा ६१ प्रतिशत रहेकोमा २०७९ मा ७६ प्रतिशत पुगेको छ भने प्राथमिक, आधारभूत र माध्यमिक गरी तीनवटै तहका विद्यालयको सङ्ख्या बढेको छ। प्राथमिक तहमा भर्ना दर २०६४ सालको ९५ प्रतिशतबाट बढेर ९७ प्रतिशत पुगेको छ र १२ कक्षा सम्मकै विद्यार्थीको सङ्ख्या छात्रभन्दा छात्रा बढी छ। यी विषयलाई सामाजिक क्षेत्रमा कुँदिएको गणतन्त्रकालको सुन्दर तस्बिर भनेर दाबी गर्न मिल्छ।

देशको आर्थिक विकास र वित्तीय व्यवस्थापनको क्षेत्रमा पनि थुप्रै सुधारका प्रयासहरु भएका छन्। सडक, पुल, भवन, जलविद्युत् योजना, विमानस्थल, सिँचाइ नहर, केवुलकार, सुरुङ्गमार्गको निर्माण पनि अघि बढेका छन्। विसं २०६४ मा रु ३१ हजार नौ सय ४६ रहेको प्रतिव्यक्ति आय २०७९ मा आएर रु एक लाख ८२ हजार छ सय ८३ पुगेको छ। गरिबी निवारणलाई मापन गर्ने बहुआयामिक गरिबी दर सन् २०१४ मा २८.६ प्रतिशत जनसङ्ख्या गरिब देखाएकामा हाल यो प्रतिशत घटेर १७.४ मा झरेको छ। त्यस्तै संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमले विश्वव्यापीरुपमा प्रयोगमा ल्याएको मानव विकास सूचकाङ्कबाट हेर्दा नेपालको सूचकाङ्क सन् २०१० मा ०.४२३ रहेकोमा सुधार भई हाल ०.६०२ पुगेको छ। त्यस्तै लैंगिक असमानता सूचकाङ्क विसं २०६४ मा ०.७१६ रहेकामा विसं २०७९ मा यो अङ्क घटेर ०.४५२ मो ओर्लेको छ। लगानी वातावरणको सङ्केत गर्ने सूचकका रुपमा लिइने डुइङ विजिनेस प्रतिवेदन २०२० ले नेपालको स्थान अघिल्लोपटकको ११०औं बाट सुधार भई ९४ मा ओर्लेको देखाएको छ। यो बाहेक अन्य सूचक जस्तो कि मानव विकास प्रतिवेदन, भ्रष्टाचार नियन्त्रण र पारदर्शीतासम्बन्धी सूचकाङ्क, विश्व नवप्रवर्तन सूचकाङ्कका पछिल्ला संस्करणहरुले नेपालको स्थान सुदृढ भएको देखाएका छन्।

यातायात विकासको पाँचवर्षे रणनीतिक योजना (२०७३-२०७८) ले राष्ट्रिय राजधानीलाई प्रदेश राजधानीसँग कमसेकम एकएकवटा चार लेन सडकले जोड्ने तथा भारत र चीन जोड्ने पाँच राजमार्ग, पूर्व-पश्चिम राजमार्गबाहेक पूर्व-पश्चिम जोड्ने थप तीन मार्गको निर्माण र ७५ वटै जिल्ला सदरमुकाममा सडक निर्माण गर्ने लक्ष्य लिएकोमा अधिकांश लक्ष्य पूरा भएका छन् र हुम्ला जिल्ला सदरमुकाम यही वर्ष राष्ट्रिय सडक सञ्जालमा जोडिदैछ। सडक विभागको तथ्याङ्कअनुसार २०६४ सालमा पाँच हजार ४०२ किलोमिटर रहेको पक्की सडक २०७८ सालमा १६ हजार ६१४ किमी पुगेको छ भने पक्की, कच्ची र ग्राभेल गरी सडकको लम्बाई ३३ हजार ७१६ किलोमिटर पुगेको छ।

ऊर्जा प्रयोगको अवस्थालाई नियाल्दा विद्युत् पहुँच पुगेका घरपरिवार २०६४ सालमा ५६ प्रतिशत रहेकोमा २०७८ सालमा यो प्रतिशत ९२ पुगेको देखिन्छ। त्यस्तै शौचालयको प्रयोग गर्ने घरपरिवारको प्रतिशत ४९ प्रतिशतबाट दोब्बरले बढेर ९६ प्रतिशत पुगेको छ। ऊर्जाको उत्पादन मात्र होइन, बहुआयामिक प्रयोगका साथै बचत हुन जाने ऊर्जा निर्यात समेत गरी आयात प्रतिस्थापनमा सहयोग पुर्‍याउनेगरी काम भइरहेका छन्। यसैगरी दूरसञ्चार पूर्वाधार र सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा पनि द्रुतगतिमा कामहरु भैरहेका छन्। विसं २०७२ को महाभूकम्पपछिको प्रतिकार्य, पुनःनिर्माण र पुनःस्थापनाको सबाल होस् वा कोभिड- १९ को प्रभावकारी व्यवस्थापनको विषय नै किन नहोस् सिङ्गो देश र प्रदेश तथा स्थानीय तहहरुले पनि आ-आफ्नो क्षेत्रका र सहकार्य समेत गरी राम्रो नतिजा निकालेको निष्कर्ष छ।

त्यस्तै स्थानीय आर्थिक विकासको मामिलामा र सेवा प्रवाहमा सुधारका लागि धेरै स्थानीय तहहरु सिकाइकै चरणमा अब्बल प्रमाणित भएका छन्। खराबीलाई झाँगिन नदिने र स्थानीय सम्भावनाको बढीभन्दा बढी प्रयोग गर्दै वातावरणमैत्री हिसाबले विकासका क्रियाकलाप अगाडि वढाउने स्थानीय तहहरुले सिङ्गो मुलुक निर्माणमा योगदान गरिरहेका छन्। सफल हुनेबाट अरुलेसमेत सिक्न जरुरी छ। गणतन्त्रको स्कोर कार्ड राम्रै छ तर उत्कृष्ट भने छैन। पूर्वाधार तयार हुनु, संरचना विस्तार हुनु, अस्पताल र वृद्धाश्रम धेरै खुल्नु मात्र पनि विकास होइन। वास्तविक विकास त उत्पादकत्व बढ्नु, जीवनस्तर सुध्रनु, स्वास्थ्य अवस्थामा जोखिम कम हुन गई औसत आयु बढ्नु तथा सामाजिक सद्भाव थप कसिलो हुँदै जानु जस्ता परिणामसँग सम्बन्धित छ। तसर्थ, अब हुने विकास निर्माणका क्रियाकलापले जनताको जीवन, आय र सामाजिक सम्बन्धमा के कस्तो फरक ल्याउन सक्यो भनेर हेर्न जरुरी छ। बहुआयामिक गरिबी मापन, मानव विकास प्रतिवेदनले केही हदसम्म यी विषयलाई विश्लेषण गरेको पनि पाइन्छ। गणतन्त्र स्थापनापछि प्रतिनिधित्वमा विविधता देखिए जस्तै नेपालीको समग्र उत्पादन क्षमता, लगानीयोग्य आय र मुलुकको शासकीय क्षमतामा समेत महसूस हुनेगरी सुधार आवश्यक छ। सडकको लम्बाई र गुणस्तर, ऊर्जा सुरक्षा, मानवीयता, नागरिकमा देखिएको सचेतना जस्तै सबै क्षेत्रमा दक्षता, प्रभावकारिता बढ्नु आवश्यक छ। यी विषय हासिल हुनका लागि सुशासन र विकासमा निरन्तर एवम् इमान्दार प्रयत्न र अनुशासन आवश्यक छ।

केही अपवादयुक्त खराब नतिजालाई लिएर सिङ्गो मुलुकको वृहत रुपान्तरणलाई स्वीकार गर्न आनाकानी गर्नु उपयुक्त होइन। लोकतान्त्रिक गणतन्त्र र सङ्घीयतालाई नागरिकमैत्री बनाई मुलुकको समृद्धि र समुन्नतिको ढोका खोल्नको लागि गणतन्त्र दिवस, २०८० ले हामी सबैलाई प्रेरणा देओस् यही शुभकामना।

*(लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव हुनुहुन्छ)*


## डा. ललन प्रसाद रौनियार
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

## डा. सन्तोष प्रसाद शाह
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

## डा. यमेश यादव
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

## डा. सरोज कुमार साह
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

## डा. जयन्ती यादव
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569


## गैससलाई राजस्व...

हकको धारा १७ स्वतन्त्रताको हक उपधारा २ (घ) वमोजिम तथा संघसंस्था दर्ता ऐन २०३४ अनुरुप मुनाफा नकमाउने तथा नबाँड्ने गरि नागरिक समाजको भूमिका निर्वाह गर्दै साझेदारी, पहरेदारी, र खबरदारी गर्दै समाज रुपान्तरणको क्षेत्रमा सचेतना, सशक्तिकरण, सामाजिक न्याय, समानता, गरिबी न्यूनीकरण, विपद्का समयमा उद्धार, राहत, पूनर्निमाणका सवाल र वातावरणीय क्षेत्रमा सामाजिक संघसंस्थाहरुको महत्वपूर्ण योगदान रहेको कुरा बुझाइएको ज्ञापनमामार्फत स्मरण गराइएको छ।

नाफा नकमाउने र नबाँड्ने सामाजिक संस्थाहरु आयकर ऐन २०५८ को दफा २ (ध) ले यस्ता संस्थाहरुलाई कर छुट हुने संस्थाको रुपमा परिभाषित गरेको र २०५९को नियम २७ बमोजिम करछुट प्रमाणपत्र समेत लिदै आएको जनाउँदै ज्ञापनमा सामाजिक संघसंस्थाहरुले समाज कल्याण परिषदमा आवद्ध भई समाज कल्याण ऐन २०४९को दफा १६ को सीमा र परिधिभित्र रही अनुदान तथा सहायता प्राप्त गरी समाज कल्याण परिषदको स्वीकृतिमा कार्यक्रम सञ्चालन गर्दै आइरहेको उल्लेख छ।

मुनाफारहित कार्य गर्ने सामाजिक संघसंस्थाको अनुदानमा कर नलाग्ने विश्वव्यापी र नेपाल सरकारको मान्यता अनुसार सरकारको नीति नियमभित्र रही सरकारको सहयोगीको रुपमा असहाय तथा पछाडि परेका वर्ग समुदायको उत्थानका लागि कार्य गर्ने सामाजिक संघसंस्थाहरुले प्राप्त गरेको अनुदान रकममा लगाएको कर/भ्याटको समस्या हल गर्न २०७५ सालको आर्थिक ऐन जस्तै आ.व.०८०/८१को आर्थिक ऐनमा पनि मुनाफारहित सामाजिक संघसंस्थाको आयकर, मु.अ.कर, अन्यकर, जरिवाना, थपदस्तुर, शुल्क तथा ब्याज बुझाउन नपर्ने वा मिनाहा हुने साथै मुनाफारहित सामाजिक संघसंस्थाहरु भ्याटमा दर्ता हुनुपर्ने व्यवस्था खारेज गरि समस्याको समाधान गरिदिन अनुरोध समेत गरिएको छ।

# कोशी प्रदेशमा १७ प्रतिशत घरपरिवारमा शौचालय

मोरङ, ११ जेठ (रासस)।

कोशी प्रदेशमा ९६ दशमलव आठ प्रतिशत परिवारले शौचालयको प्रयोग गर्ने गरेका छन्।

राष्ट्रिय तथ्याङ्क कार्यालय काठमाडौँ र तथ्याङ्क कार्यालय मोरङद्वारा संयुक्तरुपमा बिहीबार यहाँ आयोजित राष्ट्रिय जनगणना–२०७८ कोशी प्रदेशस्तरीय नतिजा बिहीबार सार्वजनिक गर्दै प्रदेशका १४ जिल्लामा रहेका ११ लाख ९० हजार सात ५५ परिवारमध्ये तीन दशमलव दुई प्रतिशत परिवारको शौचालयको पहुँच नभएको उल्लेख गरिएको छ।

राष्ट्रिय जनगणना २०६८ मा शौचालयको पहुँच नभएका परिवारको सङ्ख्या ३० दशमलव तीन प्रतिशत थियो। जनगणना २०७८ अनुसार प्रदेशको जनसङ्ख्या ४९ लाख ६१ हजार चार सय१२ मध्ये महिला २५ लाख ४४ हजार ८४ (५१ दशमलव २८ प्रतिशत) छ भने पुरुष २४ लाख १७ हजार तीन सय २८ (४८ दशमलव ७२ प्रतिशत रहेको तथ्याङ्कमा उल्लेख छ।

विसं २०६८ को राष्ट्रिय जनगणनामा प्रदेशको जनसङ्ख्या ४५ लाख ३४ हजार नौ ४३ थियो। जनगणना २०७८ अनुसार नेपालको कूल जनसङ्ख्यामध्ये अन्य लिङ्गीको सङ्ख्या दुई हजार नौ सय २८ (शून्य दशमलव शून्य एक प्रतिशत) मध्ये प्रदेशमा यसको १० दशमलव चार प्रतिशत छ।

प्रदेशमा वार्षिक औसत जनसङ्ख्या वृद्धिदर शून्य दशमलव ८५ प्रतिशत छ। जसमा झापामा सबैभन्दा बढी एक दशमलव ९७ प्रतिशत र सबैभन्दा कम खोटाङ छ। जनगणनाअनुसार प्रदेशको कूल जनसङ्ख्याको ६२ दशमलव आठ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका छन् भने १४ वर्ष वा सोभन्दा कम उमेरका र ६० वर्ष वा सोभन्दा माथिल्लोको उमेर समूहका जनसङ्ख्या क्रमशः २६ प्रतिशत र ११ दशमलव दुई प्रतिशत छ।

प्रदेशमा सबैभन्दा बढी जनसङ्ख्या मोरङमा ११ लाख ४८ हजार एक सय ५६ जना छन् भने सबैभन्दा कम जनसङ्ख्या तेह्रथुममा ८८ हजार सात सय ३१ रहेको तथ्याङ्कमा उल्लेख गरिएको छ। यस्तै झापा र सुनसरी जिल्ला क्रमशः दोस्रो र तेस्रो धेरै जनसङ्ख्या भएका जिल्ला हुन् भने कम जनसङ्ख्या भएका जिल्लामा सोलुखुम्बु र ताप्लेजुङ क्रमशःदोस्रो र तेस्रो स्थानमा छन्।

प्रदेशमा ५३ दशमलव चार प्रतिशत परिवारले खाना पकाउन काठ/दाउराको प्रयोग गर्ने गरेको तथ्याङ्कमा उल्लेख छ।खाना पकाउन एलपी ग्याँस, गुइँठा, बायोग्याँस, बिजुली, मट्टितेल र अन्य इन्धन प्रयोग गर्ने परिवाको क्रमशः ४१ दशमलव दुई, तीन दशमलव चार, एक दशमलव तीन, शून्य दशमलव पाँच, शून्य दशमलव शून्य चार र शून्य दशमलव दुई प्रतिशत छ।

जनगणनाअनुसार प्रदेशमा कूल ११ लाख ९१ हजार पाँच सय ५६ परिवारमध्ये ३० दशमलव नौ प्रतिशत परिवारको मूली महिला छन्। जुन अघिल्लो जनगणनाको तुलनामा चार दशमलव छ प्रतिशत बढी छ।

प्रदेशका कूल जनसङ्ख्याको दुई दशमलव चार प्रतिशत व्यक्तिमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेकोमध्ये पुरुष ५३ दशमलव नौ प्रतिशत र महिला ४६ दशमलव एक प्रतिशत छन्।

प्रदेशमा पाँच वर्ष वा सोभन्दा बढी उमेर समूहको कूल जनसङ्ख्यामा ७९ दशमलव सात प्रतिशत साक्षरता रहेकोमध्ये पुरुषको ८६ दशमलव एक प्रतिशत र महिला ७३ दशमलव छ प्रतिशत छ।

प्रदेशमा २८ दशमलव दुई प्रतिशतले प्राथमिक तह (कक्षा १ देखि ५ सम्म) उत्तीर्ण गरेका छन् भने कक्षा ६ देखि ८ सम्म उत्तीर्ण गर्ने २० दशमलव एक प्रतिशत, एसइई वा सोसरह उत्तीर्ण गर्ने ११ दशमलव तीन प्रतिशत र एसइईभन्दा माथिल्लो तह उत्तीर्ण गर्ने १६ दशमलव सात प्रतिशत छ।

प्रदेशमा पाँच वर्ष वा सोभन्दा कम उमेरका कूल चार लाख ६२ हजार छ सय २५ जना बालबालिकामध्ये ७० दशमलव आठ प्रतिशतको जन्मदर्ता गरेको देखिन्छ भने २९ दशमलव दुई प्रतिशतको जन्मदर्ता नभएको देखिन्छ।

प्रदेशमा पहिलो विवाह गर्दाको औसत उमेर २० वर्ष रहेको छ। जसमा पुरुषको २२ वर्ष र महिला १९ वर्ष छ। प्रदेशमा विद्युत् प्रयोग गर्ने परिवारको सङ्ख्या ९३ दशमलव सात प्रतिशत छ। जुन २०६८ को जनगणनामा यस्तो सङ्ख्या ६५ दशमलव आठ प्रतिशत थियो। प्रदेशमा स्मार्टफोन भएका परिवार ७४ दशमलव दुई प्रतिशत रहेको छ भने साधारण मोबाइल फोन भएका परिवार ७२ दशमलव छ प्रतिशत छ।

महिलाका नाममा घर वा जग्गा वा दुवै हुने परिवारका सङ्ख्या २८ दशमलव चार प्रतिशत छ। जुन २०६८ को तुलनामा शून्य दशमलव पाँच प्रतिशत बढी छ। प्रदेशका उद्योग, कृषि तथा सहकारीमन्त्री भक्तिप्रसाद सिटौलाले तथ्याङ्का आधारमा राज्यले उपलब्ध गराउने सेवासुविधा तथा कृषि, उद्योग, उत्पादकत्व, बजार व्यवस्थामा सहयोग पुग्ने विचार राख्नुभयो।

राष्ट्रिय तथ्याङ्क कार्यालयका उपप्रमुख मुन्नीकुमारी चौधरी, कार्यालयका निर्देशक केशवकुमार गौतम र अधिकृत नन्दलाल सापकोटाले योजना निर्माण, विकास र शान्ति सुरक्षामा तथ्याङ्क उपयोगी हुने विचार राख्नुभयो।

# सबै दलको विश्वास लिएर सरकार अगाडि बढ्छ : मुख्यमन्त्री यादव

जनकपुरधाम, ११ जेठ (रासस)।

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट निर्माण गर्दा सबै दलका प्रदेशसभा सदस्यको विश्वास लिएर सरकार अगाडि बढ्ने बताउनुभएको छ।

प्रदेशसभाको बिहीबारको बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले प्रदेशअन्तर्गतका पालिकाहरूमा पठाउने ससर्त अनुदानको रकमका सम्बन्धमा बनेको कार्यविधिमा रहेको जटिलतालाई दलहरुकै सल्लाह र सुझावअनुसार संशोधन गरेर आवश्यक कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। "सरकार गठन भएपछि राष्ट्रपति, उपराष्ट्रपति र उपनिर्वाचन गरी तीनवटा चुनाव भयो। आचारसंहिता र चुनावमा व्यस्त हुनुपरेकाले ससर्त अनुदानका सम्बन्धमा माननीयज्यूहरुसँग जति छलफल र समन्वय गर्नुपर्थ्यो त्यति गर्न सकिएन", मुख्यमन्त्री यादवले भन्नुभयो, "आगामी आर्थिक वर्ष ससर्त अनुदानको रकम र बजेट, नीति तथा कार्यक्रममा सबैसँग छलफल एवं समन्वय गर्ने प्रतिबद्धता जाहेर गर्दछु।"

बिहीबारै प्रदेश सरकारका सचिवहरुसँग बैठक बसेर तीन दिनभित्र अधिकार प्राप्त व्यक्तिबाहेकले चढ्ने गाडी फिर्ता ल्याउन निर्देशन दिइएको जानकारी दिँदै मुख्यमन्त्री यादवले पूर्वाधार कार्यालय सिरहाको कामकारबाही र लहान अस्पतालमा कर्मचारी नियुक्तिका सम्बन्धमा उठेका प्रश्नहरुबारे सम्बद्ध पक्षसँग जानकारी लिई आवश्यक निर्देशन दिइसकेको जानकारी सभालाई गराउनुभयो।

यसअघि सभामुख रामचन्द्र मण्डलले बैठकको विशेष समय सुरु भएको जानकारी गराएलगत्तै नेकपा (एमाले) संसदीय दलका उपनेता दीपेन्द्र ठाकुरले सरकारको जवाफ नआएसम्म बैठक नचल्ने जनाएपछि एमालेका सबै प्रदेशसभाका सदस्यहरु आ–आफ्नो स्थानमा उभिनुभएको थियो।

सरकारले ससर्त अनुदान रकम बाँडफाँट गर्दा फरक फरक मापदण्ड अपनाइएको विषयमा आफूहरुले उठाएको प्रश्नको जवाफ दिनुपर्ने भन्दै विरोध जनाएपछि सभामुख रामचन्द्र मण्डलले १० मिनेटका बैठक स्थगित गर्नुभएको थियो।

बिहीबारको बैठकमा सभामुख मण्डलले पेस गर्नुभएको यसअघि गठित विषयगत समितिमा रहेका सदस्यहरुको समिति हेरफेर प्रस्ताव पारित गरिएको छ। जसअनुसार लखन दास लेखा समितिबाट अर्थ तथा योजना समिति, शारदादेवी थापा कृषि तथा भूमि व्यवस्थापन समितिबाट सार्वजनिक लेखा समिति, केशव राय प्रदेश मामिला समितिमा, मोहम्मद जयद आलम महिला, बालबालिका तथा सामाजिक न्याय समितिमा, सरोजकुमार यादव अर्थ तथा योजना समितिमा, राजकुमार लेखी प्राकृतिक स्रोत तथा वातावरण समितिमा, शत्रुधनप्रसाद सिंह कृषि तथा भूमि व्यवस्थापन समितिमा र अनिरुद्रप्रसाद सिंह महिला बालबालिका तथा सामाजिक न्याय समितिबाट सार्वजनिक लेखा समितिमा रहनुभएको छ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
सुरुङ्गा नगरपालिका, सप्तरी


# विश्व समाचार

## हैजा लागेर दक्षिण अफ्रिकामा सत्र जनाको मृत्यु

जोहानेसबर्ग, ११ जेठ (रासस/सिन्हवा)।

दक्षिण अफ्रिकाको प्रशासनिक राजधानी प्रिटोरियाको उत्तरी भागमा रहेको ह्याम्मन्सकालमा हालै फैलिएको हैजाबाट १७ जनाको मृत्यु भएको गौतेङ प्रान्तको स्वास्थ्य विभागले जनाएको छ।

हालसम्म हैजाको प्रयोगशालामा पुष्टि भएका विरामीको सङ्ख्या २९ पुगेको छ भने १७ जनाले ज्यान गुमाएका विभागले जारी गरेको एक विज्ञप्तिमा भनिएको छ। हालै हम्मान्सकालमा हैजाको प्रकोप देखिएपछि एक सय ६५ जनाको उपचार गरिएको छ।

गत फेब्रुवरीको प्रारम्भमा दक्षिण अफ्रिकामा हैजाका दुई 'केस' अभिलेख भएको थियोभने सोही महिनाको अन्त्यमा एक जनाले ज्यान गुमाएपछि देशकाम विभिन्न भागमा झाडा तथा वाकवाकी लाग्ने, पेट दुख्ने र डिहाइड्रेसनका समस्याबाट मानिस पीडित भएका थिए।

सरकारले यस्ता लक्षण देखिने बित्तिकै नजिकैको स्वास्थ्य संस्थामा गएर उपचार गराउन आग्रह गरेको थियो। विभागले अहिले पनि त्यस्ता लक्षण देखिए तत्काल स्वास्थ्य परीक्षण गराउन, नियमितरुपमा औषधि सेवन गर्न सर्वसाधारणलाई आह्वान गरेको छ।

## कोलम्बियामा ६० लाख व्यक्ति प्राकृतिक ग्यासबाट बञ्चित

बोगोटा (कोलम्बिया), ११ जेठ (रासस/एएफपी)।

दक्षिणपश्चिम कोलम्बियामा बुधबारसम्म ६० लाख मानिस प्राकृतिक ग्यासको पहुँचबाट बञ्चित भएका छन्।

मध्याह्नदेखि नै काका र भाले डेल काउकाको पश्चिमी क्षेत्रमा "प्राकृतिक ग्यास सेवामा पूर्ण प्रतिबन्ध' लगाइएको 'युटिलिटी ग्यासेस डे ओक्सिडेन्ट'ले जनाएको छ।

खानी मन्त्रालयका अनुसार यो सङ्कटले देशको मध्य र दक्षिणपश्चिममा रहेका अन्य पाँच क्षेत्रलाईलाई पनि प्रभावित गरेको छ।

पाइपलाइन कम्पनी 'ट्रान्सपोर्टाडोरा डे ग्याँस इन्टरनेसनल'का अनुसार, ज्वालामुखी नजिकैको क्षेत्रमा लागेको 'भूमिगत आगलागी'का कारण ग्यास पाइपलाइन बन्द गर्नुपरेको र सेवालाई पुनःसञ्चालनमा ल्याउन कम्तीमा एक हप्ता लाग्न सक्नेछ।

कोलम्बियाका पाँच करोड जनसङ्ख्यामध्ये दुई तिहाइ खाना पकाउने र अन्य प्रयोगका लागि इन्धनमा निर्भर छन्।

कोलम्बियाको तेस्रो ठूलो शहर कालीका मेयर जर्ज इभान ओस्पिनाले यसबाट १३ लाखभन्दा बढी प्रयोगकर्ता प्रभावित भएको बताउनुभयो।

सामाजिक सञ्जालमा शेयर गरिएका तस्वीरअनुसार केही बासिन्दाले ग्यासको विकल्पमा दाउरामा खाना पकाउन थालेका छन्। ग्यासको अर्को विकल्पका लागि हजारौं मानिसले विद्युतीय चुल्हो छानेका र किन्नका लागि लामो लाइनमा बसेको देख्न सकिन्छ।

यसबाहेक, धेरैजसो ग्याँस–सञ्चालित सार्वजनिक यातायातले सेवा प्रवाहलाई रोकेका छन्।

## बेलायतमा कूल आप्रवासन छ लाखभन्दा बढी

लण्डन, ११ जेठ (रासस/एएफपी)।

सन् २०२२ मा बेलायतमा कुल आप्रवासन छ लाख छ हजारभन्दा माथि पुगेको सरकारी तथ्याङ्कले देखाएको छ।

कोरोनाभाइरस महामारीपछि विश्वभर प्रतिबन्ध हटाउँदा आप्रवासन दरमा उच्च वृद्धि भएको हो। यसले वैदेशिक रोजगारीमा निर्भरता घटाउने प्रतिबद्धता जनाएको सरकारमाथि चर्को दबाब छ।

वृद्धिबारे बेलायतको राष्ट्रिय तथ्याङ्क कार्यालयको अन्तर्राष्ट्रिय आप्रवासन केन्द्रका निर्देशक जे लिन्डोपले भन्नुभया, "कोरोनाभाइरस महामारीपछि प्रतिबन्ध हटाउँदा सन् २०२२ भरि आवागमनको शृङ्खला अत्यधिक बढेको यसको प्रभावस्वरूप बेलायतमा अन्तर्राष्ट्रिय आप्रवासनको उच्चस्तरमा वृद्धि भएको देखिएको छ।"

बेलायतमा लामो समयदेखि आप्रवासन एक प्रमुख राजनीतिक मुद्दा रहँदै आएको छ र यो सन् २०१६ मा भएको युरोपेली युनियन (ईयू)बाट बेलायतको बहिर्गमन (ब्रेक्जिट)का लागि भएको जनमत सङ्ग्रहको मुख्य विवादको विषय भएको छ।

'काम, अध्ययन र मानवीय प्रयोजनका लागि' युरोपेली सङ्घबाहेकका देशबाट बेलायत आउनेको सङ्ख्या नै मुख्य आप्रवासनको उच्चस्तरमा वृद्धिको कारण भएको बेलायतले जनाएको छ।

उक्त तथ्याङ्कमा रूसको आक्रमणपछि युक्रेनबाट आएका र हङकङबाट आएका समावेश छन्। हङकङबासी बेलायतीलाई मध्यनजर गर्दै बेलायतले बेलायती विदेशी राहदानीधारकका लागि प्रवेश नियमलाई खुकुलो बनाएको थियो।

कन्जर्भेटिभ सरकारले युरोपेली सङ्घबाट बाहिरिने र सदस्य राष्ट्रका मानिसको स्वतन्त्र आवागमन अन्त्य गरेर बेलायतले आफ्नो सीमामाथिको 'नियन्त्रण फिर्ता लिन' सक्ने बारम्बार बताउँदै आएका छन्।

सन् २०१८ देखि, बेलायतमा शरणको लागि दावी गर्न सानो डुङ्गामा सफलतापूर्वक च्यानल पार गरी आउने गरेको दावी बेलायतको छ। रेको देखेको छ।

गत वर्ष ४५ हजारभन्दा बढी आप्रवासी बेलायत आएका थिए, जसका कारण अवैधरूपमा प्रवेश गरेका आप्रवासीको प्रवाहलाई रोक्न कडा नयाँ उपाय लागू गरिएको थियो।

प्रधानमन्त्री ऋषि सुनकका पूर्ववर्ती बोरिस जोनसनले गत वर्ष रुवान्डासँग शरणार्थीको लागि दावी गरी शरण पाउन असफललाई मध्यअफ्रिकी मुलुकमा स्थानान्तरण गर्ने सम्झौता गर्नुभएको थियो। तर यो योजना कानुनी लडाइँमा फसेको छ र अझै सुरु भएको छैन।

# काँग्रेसीले भने जनआकांक्षा अनुरुप कार्य जरुरी



**दैनिक समाचारदाता**
**राजविराज, ११ जेठ ।**

नेपाली काँग्रेसले पार्टीबाट मधेश प्रदेश सरकारको मन्त्रीमण्डलमा सहभागि भएका मन्त्रिहरुले जनआकांक्षा अनुरुप काम गर्नु जरुरी रहेको जनाएका छन् ।

नेपाली काँग्रेस सप्तरी २ नं. क्षेत्रीय समितिले बिहीबार आयोजना गरेको समितिको बैठक तथा शुभकामना र पार्टी सुदृढीकरण कार्यक्रममा सहभागिहरुले यस्तो जनाएका हुन् ।

मधेश प्रदेश सरकारमा हालै भएको मन्त्रिमण्डल पुर्नगठनमा काँग्रेसका तर्फबाट सभापति कृष्ण यादव र बिरेन्द्र सिंह सहभागि भएका छन् ।

"काँग्रेसबाट मन्त्रिमण्डलमा प्रतिनिधित्व गर्दै पुगेका यादव र सिंहले जनआकांक्षा अनुरुप काम गर्नेमा विश्वस्त छौं, कार्यक्रममा बोल्दै क्षेत्रिय सभापति महानन्द यादवले भने - यसका लागि यूवा मतदातालाई आकर्षित गर्न उद्योग, पर्यटन, कृषि, निर्माण, यातायात तथा सूचना प्रविधी लगायत क्षेत्रमा बेरोजगार युवालाई जोड्नु जरुरी छ ।"

अहिले विभिन्न क्षेत्रमा देखिएको समस्या हल गर्न असलशासन र दक्ष नेतृत्वको आवश्यकता रहेको भन्दै क्षेत्रिय सभापति यादवले पार्टीबाट प्रतिनिधित्व गर्दै प्रदेश सरकारमा पुगेका दुबै जनामा सो क्षमता भएको उल्लेख गरे ।

पार्टीको तिलाठी कोइलाडी गाउँपालिका कमिटिका अध्यक्ष अमिर नारायण झाले अहिले काँग्रेसप्रति जनताको आकर्षण बढ्दै गएको चर्चा गर्दै यो उत्साहलाई अझ उचाईमा पुऱ्याउन क्षेत्रभरिका वडा, गाउँ र नगरमा संगठन सुदृढीकरण अभियान चलाउने निर्णय भएको बताए ।

महाधिवेशन प्रतिनिधि रामेश्वर यादवले पार्टीका स्थानिय नेता कार्यकर्तालाई टोल टोलमा संगठन निर्माण र बिस्तार गर्नुपर्ने बताउँदै विभिन्न वडामा भइरहेको विकास निर्माण कार्यको निगरानी तथा बजेट अपुग भएर अलपत्र परेका अत्यावश्यक योजनालाई पूर्णता दिन बजेटका लागि आवश्यक पहल गर्नु पर्नेमा जोड दिए ।

पार्टीबाट प्रदेश सरकारमा पुगेका नेताहरुले जनताको दुःख, सुखमा साथ दिने काम गरे आगामी निर्वाचनमा पार्टीलाई मधेशमा पहिलो शक्तिको रुपमा स्थापित गर्न सहज हुने जिल्ला सदस्य रामअवतार मण्डलको भनाई थियो ।

कार्यक्रममा क्षेत्रिय उपसभापति महेन्द्र यादव, पुनम कुमारी साह, लोकेन्द्र नायकलगायतले पनि बोल्दै निर्वाचनमा पार्टीले अपेक्षित सफलता प्राप्त गर्न नसकेपनि भविष्य राम्रो रहेको भन्दै पार्टीका तर्फबाट प्रदेश सरकारको मन्त्रिमण्डलमा पुगेका मन्त्रिद्वय यादव र सिंहको सफल कार्यकालको शुभकामना र बधाई दिएका थिए ।

# सुन चाँदी चोरीमा संलग्न तीन जना पक्राउ



**दैनिक समाचारदाता**
**बिराटनगर, ११ जेठ ।**

जिल्ला प्रहरी कार्यालय मोरङले सुन र चाँदी चोरीमा संलग्न रहेको आरोमा तीन जनालाई पक्राउ गरेको छ ।

जेठ ३ गते बिराटनगर महानगरपालिका ३ का जय किशोर चौधरीको घरमा चोरी भएको सूचना पाएसँगै तत्काल घटनास्थलमा खटिएको प्रहरी टोलीले अनुसन्धान शुरु गरेको थियो ।

चौधरीको घरबाट २० तोला सुन र ३६ केजी चादी चोरी भएको जानकारी पाएसँगै जिल्ला प्रहरी कार्यालय मोरङले उक्त घटनाको अनुसन्धानको लागी ८ जनाको अनुसन्धान टोली परिचालन गरेको र सुक्ष्म अनुसन्धानको क्रममा घटनामा संलग्न ३ जनालाई जेठ १० गते राती पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा बिराटनगर-१२ का २१ बर्षीय राज कुमार कामत, १९ बर्षीय बिबेक कामत र २२ बर्षीय श्रीकान्त दास रहेका छन् । जयकिशोर चौधरी र ज्योती प्रसाद खाँले साझेदारीमा ज्वलर्स संचालन गर्ने गरेको र ज्वेलर्सका समानहरु चौधरीको घरमा राख्ने गरेकोमा घरैबाट चोरी भएको थियो ।

चोरीमा संलग्न ब्यक्तिहरु पिडितका छिमेकी वा चिनेजानेकै ब्यक्तिहरु भएको आशंकामा अनुसन्धान शुरु गरेको प्रहरी टोलीले घटनास्थल आसपासका केही ब्यक्तिहरुको निरन्तर निग्रानी गर्ने क्रममा उनीहरुलाई पक्राउ गर्न सफल भएको हो ।

पक्राउ परेका ब्यक्तिहरु मध्ये बिबेक कामत चोरी मुद्धामा ९ महिनाको सजाय भुक्तान गरेर यही बैशाख २८ गते छुटेका र श्रीकान्त दास डाका मुद्धामा २० महिनाको सजाय भुक्तान गरी गत असोज ३ गते छुटेका थिए । चोरी गरेको मध्ये सुन भारतिय बजार बेचेको र ३५ केजी चाँदी प्रहरीले बरामद गरेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

पक्राउ परेका उनीहरुको साथबाट प्रहरीले ३५ केजी चादी सहित भारतिय रुपैयाँ २ हजार ५ सय, नेपाली रुपैयाँ १ हजार ७ सय ३० र २ थान मोवायल समेत बरामद गरेको र घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको उक्त कार्यालयले जनाएको छ ।

# ज्येष्ठ नागरिकको गोली हानी हत्या

रौतहट, ११ जेठ (रासस) ।

देवाही गोनाही नगरपालिका- १ करुनियामा एक ज्येष्ठ नागरिकको गोली हानी हत्या गरिएको छ ।

पछाडिबाट गोली हानी ७० वर्षीय शेख तैयबको हत्या गरिएको अवस्थामा बिहीबार बिहान शव फेला परेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

बुधबार राति १२ बजेसम्म घरमै रहेका तैयब कसरी बाहिर गएको वा कसले उहाँलाई गोली हानेर हत्या गरेकोबारे यकिन हुनसकेको छैन । तैयबको शव घरबाट करिब एक किलोमिटर टाढा भेटिएको प्रहरीले जनाएको छ ।

उहाँको शव प्रादेशिक अस्पताल गौरमा शव परीक्षण गरी परिवारको जिम्मा लगाइएको तथा यस घटनाबारे अनुसन्धान सुरु गरिएको र परीक्षणको रिपोर्ट आएपछि यसबारे थप जानकारी प्राप्त हुने प्रहरी उपरीक्षक वीरबहादुर बुढामगरले बताउनुभयो ।

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

लोकतन्त्रको उपलब्धिको रक्षा गरौं
➢ विधिको शासन
➢ नागरिक स्वतन्त्रताको संरक्षण
➢ सूचनाको हक
➢ संवैधानिक सरकार
➢ आवधिक निर्वाचन
➢ समावेशी सहभागिताको सुनिश्चितता
➢ बालिग मताधिकार
➢ अभिव्यक्ति स्वतन्त्रता
➢ न्यायिक स्वतन्त्रता
यी लोकतन्त्रका विशेषता हुन्, यिनको अवलम्बन गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np